राष्ट्रिय दलित आयोग
२०७५

राष्ट्रिय दलित आयोगले गरेका कार्य र सिफारिसहरु सार्वजनिकीकरण

क) नेपालको संविधान बमोजिम गठित यस आयोगले सोही संविधान बमोजिम तोकिएको काम, कर्तव्य र अधिकारहरु राष्ट्रिय दलित आयोग ऐन, २०७४ अनुरुप सम्पादन गर्दै आएको छ।

ख) आयोगले आयोगको बैठक संचालन कार्यविधि - २०७८, उजुरी व्यवस्थापन निर्देशिका-२०७८, आन्तरिक व्यवस्थापन निर्देशिका-२०७८, पदाधिकारी र कर्मचारीको आचारसंहिता - २०७८, आयोगको लोगो, दलित समुदायका जाती/थरहरूको सूचीकरणको लागि थर सूचीकरण मापदण्ड-२०७८ र अनुगमन कार्यविधि समेत तयार गरी कार्यान्वयनमा ल्याएको छ। रणनीतिक योजना र नियमावली निर्माणका लागि छलफल गरी प्रक्रिया अघि बढाइएको छ। जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकारको प्रवर्द्धन सम्बन्धी कार्यविधि-२०७३ को समेत संशोधन प्रक्रियालाई समेत अगाडी बढाइएको छ।

ग) संवैधानिक जिम्मेवारी बमोजिम आयोगले जातीय छुवाछूत तथा विभेद सम्बन्धी विभिन्न घटनाको अनुगमन गरी सम्बन्धित निकायहरुलाई कार्बाहीको लागि सिफारिस गर्दै आएको छ । आयोगले बाँके, कैलाली, कञ्चनपुर, हुम्ला, रुकुम, सुर्खेत, दैलेख, दाङ, रोल्पा, सल्यान, प्यूठान, रुपन्देही, झापा, कपिलबस्तु , बारा, ससरी, काभ्रे, चितवन, धादिङ, मकवानपुर, स्याङ्जा, रामेछाप, नुवाकोट, दोलखा, सिन्धुली, सर्लाही, भोजपुर, ओखलढुंगा, कास्की, गोरखा, लमजुङ, पूर्वी नवलपरासी, बाग्लुङ, म्याग्दी, तनहुँ, पर्वत,मनाङ, मुस्ताङ, अछाम, डोटी, मुगु, डडेल्धुरा, बाजुरा जिल्लाहरुमा दलित हक अधिकार तथा जातीय विभेदका विभिन्न घटनाहरुको अनुगमन गरेको छ। साथै स्थानीय तहहरु, जिल्ला प्रशासन कार्यालयहरु, जिल्ला प्रहरी कार्यालयहरुमा मौलिक हक कार्यान्वयनमा दलितको अवस्थाका बारेमा अन्तर्क्रिया र छलफल गरिएको।

घ) जातीय छुवाछूत तथा विभेद र दलित हक अधिकारको प्रयोग विरुद्ध हत्या, हिंसा, बलात्कार, कुटपिट, गालीगलौच, बहुविवाह, अन्तरजातीय विवाह, दलित भएकै कारण भाडामा कोठा नपाइएको, सामाजिक स्थानमा प्रवेशमा रोक, सार्वजनिक बस्तु तथा सेवा उपयोगमा विभेद, दलित छात्रवृत्तिमा हिनामिना जस्ता घटनाहरु सम्बन्धमा पत्रपत्रिका, ईमेल, अनलाईन खबर, व्यक्तिगत निवेदन आदि माध्यमबाट प्राप्त भएका उजुरीहरु आ.व ०७७/०७८ मा ४३, आ.व. ०७८/०७९ मा ५३ वटा र चालु आर्थिक वर्षमा हालसम्म प्राप्त भएका ४२ वटा उजुरीहरु उपर आवश्यक छानविन तथा कार्वाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको।

ङ) कपिलवस्तु जिल्लामा रहेका नेटुवा समुदायले भोगिरहेका समस्या समाधानका लागि यस आयोग, राष्ट्रिय मानव अधिकार आयोग र जुरी नेपालले संयुक्त रुपमा अनुगमन गरी सो समुदायले भोग्नु परेका समस्या समाधानका लागि नेपाल सरकारलाई लेखी पठाइएको।

च) जनचेतनामूलक र प्रवर्द्धनात्मक कार्य अन्तर्गत जातीय छुवाछूत तथा विभेदको घटनाको अन्त्यका लागि महोत्तरी, तनहुँ, सुर्खेत, कैलाली, झापा आदि जिल्लामा दलित जनप्रतिनीधिहरुको क्षमता अभिवृद्धि तथा अन्तरक्रियात्मक कार्य सञ्चालन गरिएको , जेष्ठ २१ गते जातीय छुवाछूत उन्मुलन, त्यसैगरी मार्च २१ मा अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस कार्यक्रम गरिएको र सूचनामूलक सन्देश संचार माध्यमबाट प्रशारण गरिएको । राष्ट्रिय जनगणना २०७८ मा जनगणना लक्षित सूचनामूलक सन्देश विभिन्न संचार माध्यमबाट प्रशारण गरिएको।

छ) थर सूचिकरण गर्ने प्रयोजनका लागि सभासदज्यूहरु, विभिन्न सरोकारवाला संघ/संस्था, जातीय संगठन, कानुन व्यवसायीहरु लगायत सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको।

ज) आयोग र पशुपति विकास कोष, महान्यायाधिवक्ता, प्रहरी महानिरीक्षक तथा विभिन्न प्रदेशका मुख्य मन्त्रीज्यूहरुसँग संविधान, मूलुकी ऐन, जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय ऐन), २०६८ को कार्यान्वयन सम्बन्धमा छलफल गरिएको।

झ) २०७९/०९ /०७ गते राष्ट्रिय दलित आयोग, मधेश प्रदेश दलित विकास समिति र Nepal peace building initiative आयोजनामा मधेश प्रदेशमा रहेका दलित समुदायको समग्र विकासको लागि योजना निर्माण सम्बन्धमा छलफल।

ञ) "जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस" जेठ २१ को दिनभरी नेपाल टेलिकम मार्फत जातीय भेदभाव तथा छुवाछूत विरुद्धको सचेतनामूलक सन्देश प्रशारण गरिएको ।

## आयोगले गरेका मुख्य सिफारिसहरु:

१. नेपाल सरकारको आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रममा दलित समुदायलाई पेशा व्यवसाय संचालनका लागि सहुलियत ऋण, परम्परागत पेशाको संरक्षण एवं शैक्षिक विकासका लागि "एक विद्यालय, एक दलित शिक्षक" नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न सिफारिस गरिएको।

२. आयोगको मिति २०७७ फागुन २६ गतेको निर्णयबाट नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रममा दलित समुदायको हक, हित र अधिकारको संरक्षण र सम्बर्द्धनका लागि विभिन्न कार्यक्रम समावेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिस गरिएको ।

३. मिति २०७८ जेठ २१ को आयोगको निर्णयबाट विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड-१९ को सन्दर्भमा विशेष रुपमा दलित समुदायमा असर र प्रभाव बढी देखिएको हुँदा निशुल्क स्वास्थ्य जाँच तथा उपचार गरी जीविकोपार्जन र रोजगारीको समेत व्यवस्था गर्न सम्बन्धित निकायलाई सिफारिस गरिएको ।

४. मिति २०७८ असोज १२ गतेको निर्णयबाट नेपालको राष्ट्रिय राजनीतिक दलहरुलाई जनसंख्याको अनुपातमा तल्ला कमिटिदेखि माथिल्ला कमिटिसम्म नेपालको संविधान बमोजिम दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न सिफारिस गरिएको ।

५. मिति २०७८ मंसिर २९ गतेको निर्णयबाट राष्ट्रिय जनगणना, २०७८ को विवरणमा जात संशोधन गर्न केन्द्रीय तथ्यांक विभागलाई लेखी पठाइएको ।

६. मिति २०७८ माघ २५ गतेको निर्णयबाट दलित समुदायका व्यक्तिहरुको नागरिकतामा जाती थर संशोधन तथा जातीय प्रमाणपत्र प्रमाणित सम्बन्धी सहज व्यवस्था गर्न गृह मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गरिएको ।

७. मिति २०७८ चैत्र ९ गतेको निर्णयबाट मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षा (UPR) प्रतिवेदन सम्बन्धमा नेपाल सरकारलाई राय सुझाव दिइएको ।

८. मिति २०७८ चैत्र २२ को निर्णयबाट नेपालको संविधानको धारा ४० बमोजिम भूमिहिन दलितहरुलाई भूमि उपलब्ध गराउन राष्ट्रिय भूमि आयोगलाई सिफारिस गरिएको र तराई क्षेत्रमा प्राकृतिक प्रकोप न्यूनीकरण तथा रोकथाम गरी दलित समुदायको जीवनमा सहजता ल्याउने व्यवस्था गर्न गृह मन्त्रालयलाई लेखी पठाएको ।

९. मिति २०७८ चैत्र ३० गतेको निर्णयबाट स्थानीय तहको निर्वाचन २०७९ मा दलित समुदायको अधिकतम् सहभागिता गराउन राजनीतिक दलहरुलाई अनुरोध गरिएको । साथै सबै पदहरुमा दलहरुबाट हुने उम्मेदवारीको सुनिश्चितता गराउने व्यवस्था गराउन निर्वाचन आयोगलाई ध्यानाकर्षण गरिएको ।

१०. मिति २०७९ बैशाख १३ को निर्णयबाट कर्णाली लगायत नेपाल भरीका घरबास बिहिन बादी समुदायलाई आवास तथा भूमि व्यवस्था गर्नका लागि राष्ट्रिय भूमि आयोगलाई पत्रचार गरिएको।

११. मिति २०७९ जेठ २० को निर्णयबाट नेपाल सरकारलाई दलित समुदायको सशक्तिकरण, विकास र मूल प्रवाहमा सहभागिता गराउन ५१ बुँदे सिफारिस तथा सुझाव पेश गरिएको ।

१२. मिति २०७९ श्रावण ९ गतेको निर्णयबाट दलित समुदायका व्यक्तिहरुको संशोधन गरेको नागरिकता प्रमाणपत्रको जात थर अनुसार सबै किसिमका शैक्षिक योग्यताका प्रमाणपत्रहरुमा संशोधन गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई लेखी पठाइएको र दलित समुदायका व्यक्तिहरुको संशोधन गरेको नागरिकता प्रमाणपत्रको जात थर अनुसार सबै किसिमका व्यक्तिगत घटना दर्ता तथा अन्य कागजातमा जात थर संशोधन गर्ने व्यवस्थाका लागि गृह मन्त्रालय र सम्बन्धित निकायमा लेखी पठाइएको ।

१३. मिति २०७९ श्रावण १६ गतेको निर्णयबाट दलित शक्तिकरण ऐन निर्माणका लागि प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गरिएको ।

१४. आयोगको मिति २०७९ श्रावण २६ गतेको निर्णयबाट प्रदेश कार्यालय स्थापना गर्न नेपाल सरकारलाई सिफारिस गरिएको।

१५. मिति २०७९ मंसिर ५ गतेको निर्णयबाट राष्ट्रिय दलित आयोग ऐन, २०७४ बमोजिम यस आयोगले दलित समुदायको परिभाषा स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गरिएको।

१६. मिति २०७९ पुष १४ गतेको निर्णयबाट मधेशका दलित समुदायका विभिन्न समस्याहरु समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सिफारिस गरिएको ।

१७. २०७९ फागुन ४ गतेको निर्णयबाट प्रस्तावित संघीय निजामती सेवा ऐनमा दलितको जनसंख्याको आधारमा पुर्ण समानुपातिक प्रतिनिधित्व हुने गरी पदपुर्ति हुने व्यवस्था सुनिश्चित गर्नको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गरिएको । नेपाल पन्चांग निर्णायक समितिबाट स्वीकृति लिई प्रकाशन हुने सम्पूर्ण सामाग्रीहरुमा जातीय विभेद अन्त्यका लागि सन्देशमूलक सूचना निशुल्क रुपमा प्रकाशनका व्यवस्थाका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सिफारिस गरिएको ।

१८. मिति २०७९ चैत्र १ गतेको निर्णयबाट रिट निवेदक प्रकाश नेपालीको रिट उपर सर्वोच्च अदालतबाट भएको फैसला कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझाव पेश गरिएको ।

१९. मिति २०७९ चैत्र २९ गतेको निर्णयबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागलाई सिफारिस गरिएको । आर्थिक र मानवीय विकास सूचाङ्कमा पछाडि परेका कर्णाली र मधेश प्रदेशका लक्षित वर्गलाई नेपाल सरकार र प्रदेश सरकारहरुबाट

प्रदान गर्ने छात्रवृत्ति कोटा संख्या र छात्रवृत्ति रकममा वृद्धि गर्न नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गरी पठाएको।

२०. मिति २०८०/०१/३१ को निर्णयबाट सूचिकृत गरिएका जात थरहरु राजपत्रमा प्रकाशित गर्न नेपाल सरकारलाई सिफारिस गरिएको।

२१. मिति २०८० जेठ १ गतेको निर्णयबाट रु.५०,०००,००/ (पचास लाख) बढी बजेट समावेश गरी दलित हक, हित र अधिकारको संरक्षण, सम्वर्द्धनको लागि आयोजना हुने कार्यक्रम स्वीकृत गर्दा समाज कल्याण परिषद् र सम्बन्धित निकायबाट आयोगको अनिवार्य परामर्श लिनु पर्ने व्यवस्था गर्न समाज कल्याण परिषदलाई सिफारिस गरिएको ।

२२. मिति २०८० जेठ ४ गतेको निर्णयबाट सबै प्रदेश तथा स्थानीय सरकारहरुलाई आगामी आ.व.२०८०/०८१ मा दलितमैत्री नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सिफारिस गरिएको ।

२३. मिति २०८० जेठ १८ गतेको निर्णयबाट जातीय छुवाछूत तथा भेदभाव राष्ट्रिय दिवसको अवसरमा विशेष कार्यक्रम तथा समारोह आयोजना गरी मनाउने व्यवस्था गर्न सबै प्रदेश र स्थानीय तहलाई निर्देशित गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई सिफारिस गरिएको।

सीमित स्रोत, साधन र संरचनाको वावजुद आयोगलाई दिएको संवैधानिक कार्य जिम्मेवारी बमोजिम गरिबी, छुवाछूत तथा विभेद र बन्चितीकरणको शिकार बनेका दलित समुदायलाई राज्यको मुलप्रवाहमा ल्याउन, समान पहुँच स्थापित गर्न र दलितको मानव अधिकारको संरक्षण गर्दै आत्म सम्मान जागृत गर्न यस राष्ट्रिय दलित आयोग निरन्तर लागी रहने प्रतिबद्धता व्यक्त गर्दछ ।

अन्त्यमा यस क्रममा आयोगलाई सहयोग पुर्‍याउने नेपाल सरकारका विभिन्न निकायहरु, संवैधानिक आयोग, दलित अधिकारकर्मी, विज्ञ, विशेषज्ञ, पत्रकार लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा सबैको सकारात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद ।

०८०/०२/२९

देवराज विश्वकर्मा
अध्यक्ष
राष्ट्रिय दलित आयोग